तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

का.बै.सं.२१/०७५/०७६(५७) मितिः २०७५/११/१७गते ।

प्रस्तावहरुः

१. नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन सम्वन्धमा ।

२. **"निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार कार्यविधि, २०७५"** सम्वन्धमा ।

३. फोहोरमैलाको व्यवस्थापन सम्वन्धमा ।

४. सीपमूलक तालिम कार्यक्रम सम्वन्धमा ।

५. सुरक्षा निकाय सहयोग कार्यक्रम सम्वन्धमा ।

६. नागरिक उपचार खर्च सम्वन्धमा ।

७. कर छुटको लागि सिफारिस गर्ने सम्वन्धमा ।

८. लैङ्गिकमैत्री नगरपालिका घोषणा सम्वन्धमा ।

९. मेलमिलापकर्ताका लागि प्रशिक्षण संचालन गर्ने सम्वन्धमा ।

१०. वडा कार्यालयको भाडा सम्वन्धमा ।

११. रकम भुक्तानी सम्वन्धमा ।

१२. योजना संशोधन सम्वन्धमा ।

१३. शोक प्रस्ताव सम्वन्धमा ।

निर्णयहरु

**१. नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिका राजस्व शाखा (आन्तरिक लेखा परीक्षण अधिकृत एवं कर अधिकृत श्री इन्द्रदत्त सापकोटा) बाट पेश गरिएको चालु आ.व.का लागि नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन सम्वन्धी **कार्ययोजना** स्वीकृत गरी कार्ययोजना अनुसार कार्य अगाडि बढाउने निर्णय गरियो ।
- कार्यालयबाट मिति २०७५।१०।२१ र २०७५।११।७ गते प्रकाशित नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी सूचनालाई अनुमोदन गरी सो सूचना अनुसार कार्यसम्पादन गर्नको लागि नगरपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

०७५-११-१९

- राष्ट्रिय गौरवका योजना साथै नगरपालिका भित्रका उपभोक्ता समितिवाट संचालन गरिने आयोजनाहरुलाई पनि कार्ययोजनामा उल्लेख भए अनुसारको सीमानगर क, ख, ग नाकावाट प्रचलित कानूनको अधिनमा रही उपलव्ध गराउने निर्णय गरियो ।

२. **"निजी जगाको माटो उत्खनन् तथा ओसारपसार कार्यविधि, २०७५" सम्बन्धमा ।**

- राजस्व शाखावाट तयार भई विधेयक समितिका सदस्य श्री सुरेन्द्रश्री विश्वकर्माद्वारा प्रस्तुत गरिएको **"निजी जरगाको माटो उत्खनन् तथा ओसारपसार कार्यविधि, २०७५"** स्वीकृत गरियो ।

३. **फोहोरमैलाको व्यवस्थापन सम्बन्धमा ।**

- नगरपालिका भित्र उत्सर्जन हुने फोहोरमैलाको दीर्घकालिन रुपमा उपयुक्त प्रविधिको प्रयोग गरी व्यवस्थापन गर्नको लागि इन्भारो केयर कर्न्सन प्रा.लि. वाट प्रस्ताव प्राप्त भएकोमा उक्त संस्थासँग परामर्श छलफल सहित उपयुक्त विकल्प छनौट गरी पेश गर्नका लागि देहाय वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**फोहोरमैला व्यवस्थापन अध्ययन कार्यदल :**

**संयोजक** -कार्यपालिका सदस्य श्री चेतनारायण भण्डारी

**सदस्य** -कार्यपालिका सदस्य श्री सुखदेव न्यौपाने

**सदस्य** - कार्यपालिका सदस्य श्रीदुर्गाप्रसाद पाण्डे

**सदस्य** -कार्यपालिका सदस्य श्री नारायण न्यौपाने

**सदस्य सचिव** -ई. श्री गिरिराज डुम्रे ।

- उक्त समतिले स्थानीय नागरिक, टोल विकास संस्था, वडा समिति लगायत सरोकारवाला, हाल फोहोरमैला व्यवस्थापनको जिम्मेवारी लिइरहेको वातावरणीय सुन्दर नेपाल प्रा.लि. र इन्भारो केयर कर्न्सन प्रा.लि. इटहरी सुनसरी समेतसँग छलफल गरी दीर्घकालिन व्यवस्थापनको लागि उपयुक्त विकल्पहरुको पहिचान गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्ने ।

४. **सीपमूलक तालिम कार्यक्रम सम्बन्धमा :**

- तिलोत्तमा नगरपालिकाद्वारा संचालन गरिने तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम वागवानी अधिकृत श्री जीवन आचार्यद्वारा पेश भएको प्रस्ताव वमोजिम संचालन गर्ने निर्णय गरियो ।

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

०७५-११-१५

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

## वार्षिक कार्यक्रम अनुसार संचालन गरिने उद्यमशीलता विकास तालिम

| क्रसं. | तालिमको नाम | लाभान्वित संख्या | तालिम अवधि (दिनमा) | तालिम संख्या | बजेट रुहजारमा. | वडा |
|---|---|---|---|---|---|---|
| क. मुस्लिम, मधेसी तथा पिछडा वर्ग तर्फ : बजेट संकेत- २०६० (विनियोजित जम्मा बजेट : रु. १० लाख) | | | | | | |
| १. | हेयर कटिङ्ग | २० | ३० | १ | ३५० | सबै वडा |
| २ | झोला बनाउने तालिम | ३० | ७ | १ | १५० | ६,७,१०,११,१६,१७,१४ |
| जम्मा | | | | | ५०० | |
| ख. दलित वर्ग उत्थान : बजेट संकेत- २०६० (विनियोजित जम्मा बजेट रु.२० लाख) | | | | | | |
| १ | लोक सेवा तयारी कक्षा , /खरिदार(सु.ना/ | ३४ | ६० | १ | २०० | सबै वडा |
| २ | ईलेक्ट्रिसियन | २० | ४५ | १ | २०० | सबै वडा |
| ३ | कम्प्युटर तालिम | २० | ३० | १ | २०० | सबै वडा |
| ४ | बेत बाँसका सामाग्री निर्माण | २० | २० | १ | २०० | सबै वडा |
| जम्मा | | ८०० | | | | |
| ग. आदिवासी उत्थान विकास कार्यक्रम : बजेट संकेत- २०६० (विनियोजित जम्मा बजेट रु. ४० लाख) | | | | | | |
| १ | मोबाईल मर्मत तालिम | २० | ४५ | १ | २५० | सबै वडा |
| २ | पलम्बर | २० | ४५ | १ | ३०० | सबै वडा |
| ३ | ईलेक्ट्रिसियन | २० | ४५ | १ | २५० | सबै वडा |
| ४ | बुटिक | २० | ३० | १ | ३५० | ६,७,१०,११,१६ |
| ५ | कटाई सिलाई | २० | ९० | १ | ४५० | ६,७,१०,११,१६,१७ |
| ६ | पत्रकारिता तालिम | २० | २० | १ | २०० | सबै वडा |
| जम्मा | | १८०० | | | | |
| घ. महिला स्वरोजगार तालिमः बजेट संकेत २०६०-(विनियोजित जम्मा बजेटः रु. २० लाख) | | | | | | |
| १ | ब्याण्ड बाजा तालिम तथा सामग्री सहयोग | २० | २० | १ | ६०० | १३,१४ |
| २ | ब्युटि पार्लर | २० | २५ | १ | २५० | सबै वडा |
| ३ | कटाई सिलाई | ३० | २५ | १ | ३०० | ७,८,९ |
| ४ | जुत्ता चप्पल बनाउने | ३० | २५ | १ | २५० | सबै वडा |
| ५ | मौरी पालन | ४० | ०७ | १ | २५० | १०१२,११, |
| ६ | झोला बनाउने तालिम | २० | ०७ | १ | २०० | सबै वडा |
| जम्मा | | १८५० | | | | |
| ङ. एकल महिला स्वरोजगार तालिम : बजेट संकेत - २०६० (विनियोजित जम्मा बजेट रु. ५ लाख) | | | | | | |
| १ | मागमा आधारित सीपमूलम कार्यक्रम अनुदान सहित | २० | २५ | १ | ५०० | सबै वडा |
| जम्मा | | ५०० | | | | |
| च. युवा स्वरोजगार तालिम तथा युवा साझेदारी कार्यक्रम : संकेत नं. २०५० (१), (२) (विनियोजित जम्मा बजेटः रु २० लाख +२५ लाख) | | | | | | |
| १ | कुक तथा वेटर तालिम | ३४ | ९० | २ | ६०० | १,२,३ |
| २ | बेमौसमी तरकारी खेती तालिम | ४० | १५ | १ | २५० | सबै वडा |
| ३ | कुखुरा पालन तालिम | ३० | १५ | १ | २५० | सबै वडा |
| ४ | कागजको थुंगा बनाउने तालिम | २० | ७ | १ | २५० | ४,६,८,१५ |
| ५ | खाद्यान्न बाली उत्पादन तथा विविधिकरण तालिम | ४० | १५ | १ | ३०० | १५,१६,१२,१०,९ |

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल



०७६-११-१५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | सुईटर बनाउने तालिम | २० | २० | १ | २५० | १.२ |
| ७ | माछा पालन | ३० | १५ | १ | ३०० | ११.१२.१३.१४.१६.१७ |
| ८ | स्पा तालिम | २० | २० | १ | २०० | सबै वडा |
| ९ | फ्रिज बनाउने तालिम | २० | २० | २ | २५० | सबै वडा |
| जम्मा | | | | २६५० | | |
| कूल जम्मा | | | | ८२५० | | |

**तालिमका प्रकारः २५ प्रकार, जम्मा कूल बजेटः ८२५० (रु. हजारमा), जम्मा तालिम प्राप्त गर्ने व्यक्तिः ७०० ।**

## ५. सुरक्षा निकाय सहयोग कार्यक्रम सम्बन्धमा ।

- बुटवल बेलहिया सडक खण्ड (योगिकुटी-कोटिहवा) का विभिन्न स्थानमा ५ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालय बुटवलको प्राविधिक सहयोगमा जडान गरिएका पोलिथिन ब्यारिकेट (Road Divider Cone) जडान खर्च (Installation Cost) चालु योजनाको सुरक्षा निकाय सहयोग कार्यक्रम शीर्षकबाट रु.१,००,०००।- (अक्षेरुपी रु.एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिका स्थित इलाका प्रहरी कार्यालय मंगलापुरको पिकअप भ्यान मर्मतको लागि चालु योजनाको सुरक्षा निकाय सहयोग कार्यक्रम शीर्षकबाट रु.१,००,०००।- (अक्षेरुपी रु.एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिका स्थित अस्थायी प्रहरी चौकी ड्राइभरटोलको सवारी साधन मर्मत (मोटरसाइकल इन्जिन) को लागि रु.१५०००।- (अक्षेरुपी रु.पन्ध्र हजार) उपलब्ध गराउने निर्णय गरियो ।

## ६. नागरिक उपचार खर्च सम्बन्धमा ।

- तिलोत्तमा नगरपालिका वडा नं. १ निवासी कृष्णप्रसाद कंडेलको छोरा शरद कंडेलको उपचारार्थ रु.१५०००।- (अक्षेरुपी पन्ध्र हजार) उपलब्ध गराउने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिका वडा नं.-५, विद्यापीठ पथ निवासी श्री हरिहर शर्माको २८ वर्षको छोरी सृष्टि शर्माको बोनम्यारो क्यान्सर उपचारको लागि रु. १५०००।- (अक्षेरुपी पन्ध्र हजार) उपलब्ध गराउने निर्णय गरियो ।
- उमा आधारभूत विद्यालय कक्षा १ मा अध्ययनरत विद्यार्थी श्री युनिशा वि.क. को उपचारार्थ रु. १५०००।- (अक्षेरुपी पन्ध्र हजार)उपलब्ध गराउने निर्णय गरियो ।

## ७. कर छुटको लागि सिफारिस गर्ने सम्बन्धमा ।

- श्री सरस्वती पञ्चायतम मन्दिर तिलोत्तमा नगरपालिका-५, को छात्रवास (३ तला) भवन निर्माण लगायतका नागरिकहरुबाट चन्दा संकलन गरी निर्माण गरिने सामुदायिक मठ,

मन्दिर, देवालय, शिवालय, ऐतिहासिक संरचनाहरुको निर्माण तथा पुन: निर्माणका लागि नगरपालिकावाट लिइँदै आएको नक्सा पास दस्तुर छुट दिने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**८. लैङ्गिकमैत्री नगरपालिका घोषणा सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिकालाई लैङ्गिकमैत्री नगर घोषणाका लागि तयार पारिएको **"लैङ्गिकमैत्री कार्ययोजना प्रारम्भिक खाका, २०७५"** स्वीकृत गरी मिति २०७५।११।२४ गतेको (८ मार्च २०१९) अन्तराष्ट्रिय नारी दिवसका अवसरमा सार्वजनिक गर्ने निर्णय गरियो ।

**९. मेलमिलापकर्ताका लागि प्रशिक्षण संचालन गर्ने सम्बन्धमा ।**

- स्थानीय न्याय प्रशासनलाई छिटो छरितो प्रभावकारी वनाउनको लागि नगरस्तरीय मेलमिलाप कर्ताहरुको लागि प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।
- प्रत्येक वडा समितिले न्यायिक समितिको परामर्शमा सामाजिक क्षेत्रमा क्रियाशील, मेलमिलाप सम्वन्धी जानकारी भएको व्यक्ति छनौट गरी पठाउने ।
- वडा समितिवाट छनौट भई आएका व्यक्तिहरुलाई मिति २०७५/११/२१ गते देखि २९ गते आवासीय तालिम उपलव्ध गराउने ।
- यस सम्वन्धी अन्य व्यवस्था आर्थिक प्रशासन, वैठक शाखा र न्यायिक समितिको सचिवालयले मिलाउने ।

**१०. वडा कार्यालयको भाडा सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिका वडा नं. १३ को कार्यालय प्रयोजनको लागि भाडामा लिइएको टिकुलीगढ दुग्ध उत्पादक तथा वहुउद्देशीय सहकारी संस्था लि., टिकुलीगढ रुपन्देहीलाई घर भाडा वापत प्रति महिना रु. १० हजार उपलव्ध गराउने निर्णय गरियो ।

**११. रकम भुक्तानी सम्बन्धमा ।**

- वडा नं. १२ को आ.व. २०७४/०७५ को सडक ग्राभेल कार्यक्रमको भुक्तानी हुन वाँकी रकम रु.७५०,०००/- (सात लाख पचास हजार) आकस्मिक पूर्वाधार शीर्षकवाट भुक्तानीका लागि उक्त वडाको मिति २०७५/१०/०७ प. सं. ०७५/०७६ च.नं. ६८६ बाट लेखी आएको र उक्त भुक्तानीका सम्वन्धमा मिति २०७५/०३/२८ गतेको कार्यपालिकाको वैठकमा छुट भएको हुँदा उक्त योजनाको भुक्तानी दिने निर्णय गरियो ।
- गौशाला संचालक समिति तिलोत्तमा-१, शंकरनगर रुपन्देहीले उक्त संस्थाको व्यवस्थापनमा संचालन रहेको तिलोत्तमा गौशालाको सम्पूर्ण चल अचल सम्पत्ति, दायित्व लगायतका



तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

०७५-११-१९

भौतिक संरचनाहरु नगरपालिकालाई हस्तान्तरण गर्ने र आगामी दिनमा उक्त समिति व्यवस्थापकीय जिम्मेवारीवाट अलग रहने जानकारी गराएको हुँदा आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदनमा देखिएको दायित्व १२,३७,२९०/- (अक्षरुपी वाह्र लाख सैतिस हजार दुई सय नव्वे) भुक्तानी दिने । साथै, उक्त लेखा परीक्षण प्रतिवेदनले औंल्याएको सम्पत्ति एवं उक्त गौशालामा रहेको भवन, पर्खाल लगायतका संरचनाहरु सवै नगरपालिकाको आफ्नो स्वामित्वमा लिई उक्त संरचनाहरु पूर्व निर्णय भए अनुसार ISKON नेपाललाई व्यवस्थापन गर्न जिम्मा दिने निर्णय गरियो ।

१२. योजना संशोधन सम्बन्धमा ।

- चालु आर्थिक वर्षका देहाय वमोजिमका आयोजनाहरु वडा कार्यालयवाट सिफारिस भई आएका अनुसूची १ मा उल्लेख तपसिल अनुसार संशोधन गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | शी.नं. | साविकको योजना र बजेट | संशोधन पछिको नयाँ योजना र बजेट |
|---|---|---|---|
| १ | ३०१०(४६) सडक मर्मत वडास्तर ति.न.पा.-१३ | कुल वहादुरको घर देखि सिता ढकालको घरसम्म जाने वाटो कालोपत्रे । | • मधौलिया वोरिङ्गदेखि वभनी जाने वाटो कालोपत्रे रु ५,००,०००/- |
| २ | (१.१३) नगरस्तर ति.न.पा.-१३ | वभनी सामुदायिक भवन मर्मत | • वभनी सामुदायिक भवनको सभाहल व्यवस्थापन फर्निचर रु. २,००,०००/- |
| ३ | ३०१० (३९) नगरस्तर ति.न.पा.-१३ | मोहन रानाको घर अगाडीको वाटो | • मोहन रानाको घरदेखि उत्तर तर्फको वाटो ग्राभेल रु. २,००,०००/- |
| ४ | ३०१०(६) नगरस्तर वडा नं.-१३ | फुलवारी टोल १६ ३६ कुलो निमार्ण | • सेमरी सुकुम्वासी टोलमा कृषि वाटो निर्माण रु. ४ लाख । |
| ५ | ३०१० (१) नगरस्तर वडा नं.-९ | नन्देश्वर चोक कल्भर्ट निर्माण । | • विश्व शान्ति सामुदायिक आधारभूत विद्यालयको पूर्व तर्फको खोलामा पर्खाल निर्माण रु. ३ लाख । |
| ६ | ३०१० (३२) वडास्तर वडा नं.-९ | आवश्यकताका आधारमा निर्माण गरिने कल्भर्ट निर्माण | • तुलसीपुर मिलन चोकदेखि भित्र जाने वाटो कालो पत्रे (५० ५०) का लागि थप रु.१ लाख ।<br>• वडा कार्यालय जाने वाटो कालो पत्रे गर्न थप रु.१ लाख ।<br>• ज्ञानेश्वर दुग्ध उत्पादन सहकारी संस्था लि. लाई भवन मर्मत (५० ५०) का लागि रु.५० हजार |
| ७ | ३०२० (३०) वडास्तर वडा नं.-९ | जनोदय चोकदेखि दक्षिण नाली निर्माण । | • मुडीयारी खोलामा नाली निर्माण रु.४ लाख । |

| | | | |
|---|---|---|---|
| ८ | २०६० (७) नगरस्तर वडा नं.-६ | आदिवासी जनजाति महासंघ भवन निर्माण । | • उक्त भवनमा पर्खाल निर्माण रु. ५ लाख । |
| ९ | ३०२० (९) वडास्तर वडा नं.-४ | मिलिजुली पथ रु.३ लाख । ३०२० (१) आकस्मिक पूर्वाधार निर्माणबाट रु. २ लाख । | • सगरमाथा पथ कालोत्रे निर्माण रु. ५ लाख । |
| १० | ३०१०(४९) वडास्तरवडा नं.-१७ | पिपरहिया विद्यालय नजिक कल्भर्ट निर्माणमा रु. ५ लाख | • पिपरहिया नाली निर्माण रु.२ लाख ७० हजार ।<br>• पिपरहिया बाध निर्माण रु.२ लाख ३० हजार । |
| ११ | ३०१० (४८) वडास्तर वडा नं.-१७ | भरवलिया गाउँ पूर्व कुलोमा कल्भर्ट निर्माण । | • बरौलिया गाउँमा नाली निर्माण रु. ३ लाख । |
| १२ | ३०१०(६) नगरस्तर वडा नं. १७ | गंगोलिया देखि पश्चिम कल्भर्ट निर्माण | • ह्युम पाइप खरिद पेटी सहित निर्माण रु. ३ लाख । |
| १३ | ३०१० (५२) वडास्तर वडा नं.-१४ | स्थानीय सडक तथा झोलुङ्गेपुलकोबाट बाग्धुरा चम्कीपुर सडक पिच निर्माण | • अधुरो वडा कार्यालय गाईफारम जाने सडक पिचका लागि ६ लाख । |
| १४ | ३०४० (६) नगरस्तर वडा नं. १७ | बरबलिया गाउ ट्रान्सफरमर खरिद । | • बरबलिया गाउमा पोल तार खरिदका लागि रु.३ लाख ५० हजार । |
| १५ | ३०१० (२३) नगरस्तर वडा नं. १३ | अर्जुन न्यौपानेको घरदेखि तारा पोखेलको घरसम्म सडक कालोपत्र । | • मधौलिया-बभनी सडक कालोपत्रेका लागि रु.८ लाख । |
| १६ | ३०१० (४६) वडास्तर वडा नं. १३ | घनश्याम ढकालको घरदेखि तिनाउ पत्थरडाँडा सडक कालोपत्रे । | • मधौलिया-बभनी सडक कालोपत्रेका लागि रु.५ लाख । |
| १७ | ३०१० (२५) वडास्तर वडा नं. ८ | दिपनगर बाटो मर्मत । | • दिपनगर नाली निर्माणका लागि रु. ३ लाख । |

- वडा नं. १५ को आकस्मिक पूर्वाधारतर्फ विनियोजित रु.१० लाख रकमलाई देहाय बमोजिम खर्च गर्ने ।

| सि.नं. | कार्यक्रम | रकम | साल |
|---|---|---|---|
| १ | पूर्व सखवानी सडक ग्राभेल | ७०००० | ०७४ ०७५ को बाँकी |
| २ | चार थान कुलर (बिभिन्न संस्थालाई) | ५५००० | ०७५ ०७६ |
| ३ | ग्राभेलमा माटो हाली रोलर चलाउँदाको खर्च | ६०००० | ०७४ ०७५ को बाँकी |
| ४ | बेस ग्राभेलको अपुग रकम | ४०००० | ०७४ ०७५ |

| | | | |
|---|---|---|---|
| ५ | पानगोडा खोला सरसफाई | ५८००० | ०७५/०७६ |

१३. शोक प्रस्ताव सम्बन्धमा ।

- ताप्लेजुङ्ग जिल्लाको पाथिभरा नजिक सिस्नेखोला क्षेत्रमा २०७५ फागुन १५ गते बुधवार दिउसो करिब १:१५ बजे Air Dynasty Heli Services Pvt. Ltd. को AS-350B3E Reg. No. 9N-AMI Cell Sing को हेलिकप्टर दुर्घटनामा परी माननीय मन्त्री (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन) स्व. श्री रविन्द्र अधिकारी सहित ७ जनाको असामयिक निधन भएको दुःखद घटनाप्रति तिलोत्तमा नगरपालिका गहिरो दुःख व्यक्त गर्दै सम्पूर्ण दिवंगत व्यक्तित्वप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना सहित शोक प्रस्ताव पारित गर्दछ ।